# प्रेस विज्ञप्ति

**अपाङ्गता भएका व्यक्तिहरुको २९ औं अन्तराष्ट्रिय दिवस ३ डिसेम्बर, २०२० अवसरमा शुभकामना ।**

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि एवं स्वेच्छिक प्रोटकल,२००६ को नेपालले हस्ताक्षर तथा अनुमोदन गरे पश्चात अपाङ्गताको अधिकार सुनिश्चितताका निमित्त नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रीय क्षेत्रमा थुप्रै प्रतिवद्धता जनाएको छ । यसका अलावा नेपाल सरकारद्धारा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षणको लागि अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन,२०७४ लगायत नीति नियम तथा रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याएको अवस्था छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षणका लागि नेपालको संविधान २०७२ मा समेत व्यवस्था गरिएको छ । राज्यले अपाङ्गताको सवाललाई प्राथमिकता दिई कार्यान्वयन गरिरहेको अवस्था छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा कर्णाली प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिहरु कोभिड १९ को महामारी लगायत विभिन्न कारणले अझ वढी जोखिममा पर्न सक्ने संभावना रहेकोले ती व्यक्तिहरुको अवस्था र आवश्यकता प्रति संवेदनशिल वन्न सवै सरोकारवाला निकायलाई जिम्मेवारी वोध गराउन र सचेतना अभिवृद्धि गर्ने उदेश्यले कर्णाली प्रदेशका सवै जिल्ला र स्थानीय तहमा विविध कार्यक्रम गरी ३ डिसेम्बर, २०२० (१८ भाद्र २०७७) को अवसरमा यो दिवस भव्यताका साथ मनाइदै छ ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार प्रवर्द्धन गर्न र कर्णाली प्रदेशलाई अपाङ्गतामैत्री प्रदेशकोरुपमा विकास गर्न र यस क्षेत्रमा अग्रसरता भई जिम्मेवारीपूर्वक कार्य गर्न सवै सरोकारवालाहरुलाई आग्रह गर्दछु । यस वर्षको अपाङ्गता भएका व्यक्तिहरुको २९ औ अन्तराष्ट्रिय दिवस ३ डिसेम्बर २०२० (१८ मंसिरको मूल नारा "**कोभिड १९ पश्चतको उत्कृष्ट पुनरागमनको सुनिश्चितताः अपाङ्गता भएका व्यक्तिहरुको पहुँच र दीगो विकासको लागि हामी सवैको प्रतिवद्धता**"लाई सार्थक तुल्याउन सरोकारवाला सवैमा उत्प्रेरणा मिलोस भन्दै सो अवसरमा सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चता र प्रगतिका लगि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

.................................

दल रावल

मन्त्री

सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश सुर्खेत